**आकाशवाणी समाचार- नेपाली**
**मितिः २२ मई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा साइप्रसका राष्ट्रपति **निकोस क्रिस्टोडौलाइड्स** सित वार्ता गर्नु हुनेछ।

- वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भन्नुभयो, आज उत्पादकता केवल दक्षतासम्म सीमित छैन, तर यसमा बलियो, नवाचार अनि समावेशी विकास पनि सामेल छ।

- कलकत्ता उच्च न्यायालयले आरजी कर मेडिकल कॉलेज अनि अस्पतालमा भएको दुष्कर्म-हत्या मामिलाको जांचका लागि एक विशेष जांच दल-एसआईटीको गठन गरेको छ।

- अमरीकाका विदेश मंत्री मार्को रुबियोले भन्नुभयो, अमरीका भारतको आवश्यकता अनुसार ऊर्जा बेच्न तयार छ।

- आईपीएल क्रिकेटमा, गुजरात टाइटन्सले चेन्नई सुपर किंग्सलाई 89 रनले पराजित गरेको छ। यस हारको साथ चेन्नई टूर्नामेंटबाट बाहिरिएको छ।

**<u>पीएम-साइप्रस राष्ट्रपति</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा साइप्रसका राष्ट्रपति **निकोस क्रिस्टोडौलाइड्स** सित वार्ता गर्नु हुनेछ। राष्ट्रपति **क्रिस्टोडौलाइड्स** हिजो नयाँ दिल्ली आइ पुग्नु भएको थियो। हवाई अड्डामा केंद्रीय सड़क परिवहन अनि राजमार्ग राज्य मंत्री अजय टम्टाले उहाँलाई स्वागत गर्नुभयो।

राष्ट्रपति **क्रिस्टोडौलाइड्सले** मुंबईको भ्रमण गरिसक्नु भएको छ। उहाँसित विदेश मंत्री डॉक्टर कॉन्स्टैन्टिनोस कॉम्बोस, परिवहन, संचार अनि निर्माण मंत्री एलेक्सिस वाफेयाडिस, वरिष्ठ अधिकारी अनि व्यापार जगतका प्रतिनिधिहरुको उच्च स्तरीय प्रतिनिधिमंडल पनि साथ थिए। राष्ट्रपति बनेपछि यो उहाँको पहिलो भारत यात्रा हो।

**<u>गोयल-एपीओ</u>**

वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भन्नुभयो, आज उत्पादकता केवल दक्षतासम्म सीमित छैन, तर यसमा बलियो, नवाचार अनि समावेशी विकास पनि सामेल छ। नयाँ दिल्लीमा एशियाई उत्पादकता संगठन- एपीओको 68 औ शासी निकाय बैठकको उद्धाटन सत्रलाई संबोधित गर्दै भन्नुभयो भारत, एपीओको परिवर्तनकारी चरणमा योगदान दिएर गौरवान्वित छ। श्री गोयलले मेक इन इंडिया, स्टार्टअप इंडिया, स्किल इंडिया, पी-एल-आई योजना अनि पीएम गतिशक्ति जस्ता पहलहरुलाई उत्पादकता आधारित बदलावको उदाहरण बताउनु भयो। हिज्देखी शुरू भएको यो तीन दिवसीय बैठक एशिया-प्रशांत क्षेत्रमा उत्पादकता बढ़ाउने अनि सतत सामाजिक-आर्थिक विकाससित जोडिएका मुद्दाहरुमा केंद्रित छ।

**<u>रेलवे – अलर्ट</u>**

रेलवेको बुनियादी ढांचा अनि ट्रेन संचालनलाई निशाना बनाएर हालमा भएको घटना बीच रेल मंत्रालयले यात्रिहरुसित यात्रा अवधि सतर्क रहने अनि रेलवे परिसरमा कुनैपनि संदिग्ध गतिविधि या व्यक्तिको सूचना हेल्पलाइन नंबर 139 मा तुरंत दिने आग्रह गरेको छ। यो आग्रह हिजो नयाँ दिल्लीको रेल भवनमा रेल मंत्री अश्विनी वैष्णवको अध्यक्षतामा भएको उच्च स्तरीय सुरक्षा समीक्षा बैठक पछि गरिएको हो। बैठकमा रेल राज्य मंत्री वी. सोमन्ना अनि रवनीत सिंह बिट्टू सहित रेलवे बोर्डका वरिष्ठ अधिकारी अनि देश भरिका फील्ड अधिकारी पनि उपस्थित थिए।

मंत्रालय अनुसार आगलागीका केहि घटनाहरु सहित हालमा भएको धैरै घटनाहरुको प्रारंभिक जांचमा असामाजिक तत्वहरुको संलिप्तता तर्फ संकेत प्राप्त भएको छ। रेलवे सुरक्षा बल-आरपीएफले यी घटनाहरुको सक्रिय रूपले जांच गरिरहेको छ।

**मंत्रिमंडल सचिवालय में नियुक्ति**

मणिपुर पुलिस प्रमुख राजीव सिंहलाई मंत्रिमंडल सचिवालयमा सुरक्षा मामिला सचिव नियुक्त गरिएको छ। कार्मिक मंत्रालयको एक आदेशमा भनिएको छ, मंत्रिमंडलको नियुक्ति समितिले श्री सिंहको मंत्रिमंडल सचिवालयमा सुरक्षा सचिवको पदमा नियुक्तिलाई मंजूरी दिएको छ।

त्रिपुरा कैडरको 1993 बैचका आईपीएस अधिकारी श्री सिंह पहिलो जून, 2023 देखि मणिपुर पुलिस महानिदेशक-डीजीपीको रूपमा कार्यरत छन्।

**पश्चिम बंगाल-आरजी कर मामला**

कलकत्ता उच्च न्यायालयले आरजी कर मेडिकल कॉलेज अनि अस्पतालमा भएको दुष्कर्म-हत्या मामिलाको जांचका लागि एक विशेष जांच दल-एसआईटीको गठन गरेको छ। तीन सदस्यहरुको एसआईटीको नेतृत्व केन्द्रीय अन्वेषण ब्यूरो-सीबीआई,का पूर्वी जोनका संयुक्त निदेशकले गर्नेछ। न्यायालयले एसआईटी,लाई 25 जूनसम्म आफ्नो रिपोर्ट प्रस्तुत गर्न भनेको छ।

न्यायमूर्ति शम्पा सरकार अनि न्यायामूर्ति तीर्थंकर घोषको खंडपीठले सीबीआईलाई 9 अगस्त 2024 को दिन पीड़िताले राती खाएको खाना देखि उनको अंतिम संस्कारसम्मको घटनाहरुलाई फेरी जांच गर्न निर्देश दिएको छ।
अदालतको यो फ़ैसला पीड़िताको परिवारले बारम्बार जताईएको चिंताहरु पछि आएको हो। परिवाले आरोप लगाएको थियो कि प्रमाणहरुसित छेड़खानी गरिएको छ अनि तथ्यहरुलाई लुकाईएको छ।

**पुलवामा मास्टरमाइंड ढेर**

2019 को पुलवामा आतंकी हमलामा 40 भन्दा अधिक सीआरपीएफ जवान शहीद भएको थियो। यो हमलाको मुख्य षडयन्त्रकर्ता मानिएका हमजा बुरहान हिजो पाकिस्तानको कब्जामा रहेको कश्मीर-पीओके मा अज्ञात बंदूकधारिहरुको गोलीबारीमा मारिएको छ। बुरहान उर्फ अर्जुमंद गुलजार डार उर्फ डॉक्टर, अल बदर आतंकी समूहका कमांडर थिए, जसले जम्मू-कश्मीरमा धैरै आतंकी घटनाहरुमा संलिप्तताका कारण भारतले अप्रैल 2022 मा आतंकवादी घोषित गरेको थियो। पुलवामा हमला पछि उनि पीओके मा एक शिक्षकको रूपमा लुकेर बसेका थिए| पुलिस अनुसार मुजफ्फरबादको गोजरा स्थित एक निजी कॉलेजका प्रिंसिपल बुरहानलाई हिजो बिहान निशाना बनाइयो| आक्रमणकारीले उनीमाथि नजिकबाट गोलि प्रहर गरेको थियो। पुलिसले संवाददाताहरुलाई बताए अनुसार बुरहानको सिरमा तीन गोलि लागेको थियो।

**मार्को रुबियो- भारत ऊर्जा**

अमरीकाका विदेश मंत्री मार्को रुबियोले भन्नुभयो, अमरीका भारतको आवश्यकता अनुसार ऊर्जा बेच्न तयार छ। उहाँले यो कुरा होर्मुज जलडमरूमध्य बंद भएको कारण भारतमा ऊर्जाको बढ़दो मूल्यसित संबंधित एक प्रश्नको उत्तरमा भन्नुभएको हो। विदेश मंत्रीले स्वीडन अनि भारतको यात्रामा प्रस्थान अवधि पत्रकारहरुसितको बातचीतमा यस्तो भन्नुभयो। उहाँले भारतलाई एक महान साझेदार बताउदै भन्नुभयो यो यात्रा अवधि उहाँले क्वाड देशहरुका विदेश मंत्रिहरुलाई भेट्ने अवसर मिल्नेछ।
श्री रुबियो 23 देखि 26 मई सम्म भारतमा रहनु हुनेछ। यस अवधि उहाँ कोलकाता, आगरा, जयपुर अनि नयाँ दिल्लीको भ्रमण गर्नु हुनेछ। 26 मईमा क्वाडको बैठकमा श्री रुबियो, ऑस्ट्रेलियाका विदेश मंत्री पेनी वोंग अनि जापानका विदेश मंत्री मोतेगी तोशिमित्सुले भाग लिने संभावना छ।

**भारत-फ्रांस समुद्री सहयोग**

भारत अनि फ्रांस बीच आठौ समुद्री सहयोग संवाद हिजो पेरिसमा आयोजित गरियो। बैठकको सह-अध्यक्षता भारतका

राष्ट्रीय सुरक्षा परिषद सचिवालयका उप राष्ट्रीय सुरक्षा सलाहकार पवन कपूर तथा फ्रांसका वरिष्ठ अधिकारीहरुले गरे। बैठकमा समुद्री डकैती, समुद्री आतंकवाद, मादक पदार्थहरुको तस्करी अनि अवैध माछा पक्रिने जस्ता गैरकानूनी समुद्री गतिविधिहरुसित जुझ्नका लागि सहयोग बढ़ाउनमा चर्चा भयो।

## लू का रिकॉर्ड

उत्तर प्रदेशमा भीषण गर्मीले स्थिति लगातार गंभीर बनिरहेको छ। लगातार पाँचौ दिन बांदा देशको सबैभन्दा गर्मी जिल्ला रह्यो, जहां हिजो अधिकतम तापमान 47 दशमलव 6 डिग्री सेल्सियस दर्ता गरियो। त्यही, बुंदेलखंडको अधिकतम क्षेत्रमा तापमान 45 डिग्री सेल्सियस भन्दा माथि पुग्यो। प्रयागराजमा तापमान 46 दशमलव 6 डिग्री सेल्सियस अनि वाराणसीमा 45 दशमलव 6 डिग्री सेल्सियस दर्ता गरियो। राजधानी लखनऊमा पनि यस मौसमको सबैभन्दा गर्मी दिन हिजो रह्यो, जहां तापमान 43 दशमलव 6 डिग्री सेल्सियस सम्म रेकर्ड गरियो| मौसम विभागले राज्यको कयौ क्षेत्रमा भीषण लू को चेतावनी जारी गरेको छ।

## आईपीएल क्रिकेट

आईपीएल क्रिकेटमा, गुजरात टाइटन्सले चेन्नई सुपर किंग्सलाई 89 रनले पराजित गरेको छ। यस हारको साथ चेन्नई टूर्नामेंटबाट बाहिरिएको छ। गुजरात टाइटन्सको 230 रनको लक्ष्यको जवाबमा चेन्नई सुपर किंग्सको टीम 13 ओवर अनि 4 बलमा केवल 140 रनमा अल आउट भए। शिवम दुबेले सर्वाधिक 47 रन बनाए। गुजरात टाइटन्सको तर्फबाट मोहम्मद सिराज, राशिद खान अनि कगिसो रबाडाले 3-3 विकेट लिए। प्रतियोगितामा आज सनराइजर्स हैदराबादको सामना रॉयल चैलेंजर्स बेंगलुरुसित हुनेछ।